**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# *‘ऊहापोह’* कथासङ्ग्रहका कथामा साइबरचेतना

**दीपकप्रसाद गौतम***

Received: May 10, 2022 Accepted: June 20, 2022

**सार**

*प्रस्तुत शोधलेख कथाकार लक्ष्मणप्रसाद गौतमको ‘ऊहापोह’ कथासङ्ग्रहका कथामा अभिव्यञ्जित साइबरचेतना मूल विषयमा आधारित रहेको छ । यस आलेखमा साइबर सिद्धान्तलाई विश्लेषणको मूल आधार बनाइएको छ । उक्त कथासङ्ग्रहका कथामा साइबरचेतना केकस्तो रूपमा आएको छ र साइबरचेतनाको प्रयोग कसरी भएको छ भन्ने कुरालाई साइबरसमालोचनालाई ज्ञानमीमांसाका रूपमा मानी कथामा अभिव्यञ्जित साइबरचेतनालाई तत्त्वमीमांसा र त्यसका सम्प्राप्तिलाई मूल्यमीमांसाका रूपमा आधार बनाई तथ्य र सूचकहरूबाट पुष्टि गरिएको छ । यस क्रममा ऊहापोह कथासङ्ग्रहका कथामा साइबरचेतना प्रेमको अभिव्यक्तिका रूपमा, आत्मिक असन्तुष्टिका रूपमा र प्रविधिपरक विषयका रूपमा आएको कुरालाई प्रस्तुत गरी तिनलाई साक्ष्यहरूबाट पुष्टि गरिएको छ । अध्ययनका क्रममा पुस्तकालयीय कार्यबाट साबरसमालोचनाको सैद्धान्तिक पक्षमा लेखिएका पुस्तक, शोधलेख आदि आवश्यक सामग्रीसङ्कलन गरी निगमनात्मक, वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको आवश्यकताअनुरूप उपयोग गरी विश्लेषण गरिएको छ । कथामा अभिव्यञ्जित साइबरचेतनाले आजको इन्टरनेट संस्कृति र कम्प्युटरप्रविधिका साथै विज्ञानप्रविधिको व्याप्तिलाई पनि देखाएको छ । कथामा विज्ञानप्रविधि र साइबरचेतना अन्तर्विषय भएर आएको कुरा पनि देखाइएको छ । यसरी समग्र विश्लेषणबाट साइबरचेतनाका दृष्टिले यस सङ्ग्रहका कथा उल्लेखनीय भएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**ः उपकरण, प्रयोगशाला, रोबर्ट, विश्वग्राम, साइबोर्ग, स्वप्नसंवेदना

## १. विषयप्रवेश

साइबर शब्द अंग्रेजी उपसर्ग हो । यो अन्य शब्दसँग जोडिएपछि अर्थयुक्त बन्छ र तदनुरूप अर्थ प्रदान गर्दछ । यो इन्टरनेटका माध्यमबाट चल्ने कम्प्युटरसम्बन्धी विद्युतीय सञ्जाल हो । विद्युतीय सञ्चार सञ्जालमा विशेष गरी इन्टरनेटबाट सञ्चालित, निर्देशित तथा नियन्त्रित सम्पूर्ण कार्य र गतिविधिहरू यसैसँग सम्बन्धित हुन्छन् । मानिसमा रहेका भित्री ज्ञान, सत्असत् छुट्याउन सक्ने बुद्धिविवेक वा कुनै विषयमा रहने पूर्ण ज्ञानलाई चेतना भनिन्छ । साइबरचेतना भन्नाले साहित्यमा स्रष्टाद्वारा प्रस्तुत गरिएको भर्चुअल रियालिटी वा परोक्ष यथार्थ र हाइपर रियालिटी (अतिशय यथार्थ) हो । परोक्ष यथार्थ भएकाले यो भ्रम हो तर साहित्यमा यथार्थजस्तै बनाएर प्रस्तुत गरिएको हुन्छ । वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञान र प्रविधिको उपज इन्टरनेटमार्फत् संसारका यावत् गतिविधिहरू रेडियो, टि.भि. र सामाजिक सञ्जालमार्फत् घरमै बसीबसी सुन्न, हेर्न र बुझ्न सकिन्छ । त्यसैले कम्प्युटरका माध्यमबाट इन्टरनेटले सञ्चारका क्षेत्रमा ठूलो परिवर्तन ल्याइदिएको छ । इन्टरनेटको विकास र विस्तार भएपछि नेपाली साहित्यमा उत्तरवर्ती समयमा नवीनतम प्रवृत्तिका रूपमा साइबरचेतना देखापर्दछ । दूरसञ्चार क्षेत्रमा डिजिटल प्रणालीको सुरूवात र विद्युतीय सञ्चार माध्यमको विकास भएपछि साइबरसंस्कृतिको निर्माण, विकास र विस्तार

* *दीपकप्रसाद गौतम, भुवानीशंकर बहुमुखी कलेज, खैरहनी, चितवनका उपप्राध्यापक हुनुहुन्छ ।*

भयो । कम्प्युटर र इन्टरनेट प्रणालीबाट सञ्चालन हुने इमेल. म्यासेन्जर, ट्विटर, च्याट, फेसबुक आदि सामाजिक सञ्जाल र सञ्चारका विभिन्न साधनहरूले गर्दा विश्व नै एउटा ग्रामजस्तो बन्न पुगेको छ र आफूले खोजेको संसारका कुनै पनि सामग्री पढ्न, दृश्य र घटना हेर्न र कुनै पनि कार्य सरल, सहज र भरपर्दो तरिकाले सम्पन्न गर्न प्रविधिको प्रयोग गरेको देखिन्छ। वर्तमान समाजमा कम्प्युटर, इन्टरनेट, मोबाइल, ल्यापटप, ट्यापजस्ता साइबरजन्य उपकरण र प्रविधिको प्रयोग अत्यन्त व्यापक रूपमा भएको देखिन्छ। प्रविधिविना मानवजीवन अपाङ्ग र अपूर्ण बन्दछ। मानवजीवन र समाजका हरेक क्षेत्रमा दिनानुदिन बढ्दै गएको यान्त्रिकता नै साहित्यमा साइबरसंस्कृति र साइबरचेतनाको रूपमा देखापरेको छ।

नेपाली साहित्यका कथा, कविता र नाटकमा साइबरसंस्कृति र चेतनाको प्रभाव व्यापक रूपमा परेको देखिन्छ। यस्ता कृतिहरूमा नेट, कम्प्युटर, यन्त्रमानव आदिलाई माध्यम बनाएर भावी संसार एवम् मानव भविष्यको विषयलाई प्रस्तुत गरेको देखिन्छ । लक्ष्मणप्रसाद गौतमका कथामा नारीजीवनका सङ्घर्ष र रहस्यको जीवन्त चित्रण, प्रणयचेतना, विज्ञान र प्रविधिलाई विषय बनाउनु, मानवीय संवेदना, अवचेतन र स्वप्नलाई यन्त्रमा रूपायित गर्नु, साइवरचेतना र प्रवाहमय भाषाशैली जस्ता प्रवृत्तिहरू पाइए पनि उनको मुख्य प्रवृत्ति साइवरचेतना हो। *ऊहापोह* कथासङ्ग्रहका १४ वटा कथाहरूमध्ये 'नाइटबल्बको उज्यालो-१', 'नाइटबल्बको उज्यालो-२', 'उत्तरआधुनिक प्रेम', 'संवेदनाको सफ्ट कपी', 'म दर्शक वेभक्याम' कथा साइबरचेतना र विज्ञानप्रविधिमा आधारित छन्। तसर्थ यो अध्ययन उपयोगी छ। गौतम मूलतः समालोचक हुन्। उनले कथा, कविता र निबन्धमा समेत कलम चलाएका छन्। उनको *ऊहापोह* (२०७४) कथासङ्ग्रह प्रकाशित छ। उनको ऊहापोह कथासङ्ग्रहका कथाहरूमा प्रकटित साइबरचेतनाको अध्ययन विश्लेषण गर्नु नै यस शोधलेखको मुख्य विषय रहेको छ।

*ऊहापोह* कथासङ्ग्रहका बारेमा समग्रमा र अन्य विविध पक्षमा केन्द्रित केही अध्ययन भए पनि यस सङ्ग्रहका कथामा साइबर चेतनामा नै केन्द्रित भएर कुनै अध्ययन नभएकाले यो अध्ययन आवश्यक र उपयोगी छ। साइबर समालोचनाका अनेकौँ प्रतिमान छन् र विषयवस्तुका रूपमा पनि आएको देखिन्छ तर यहाँ साइबर चेतनामा मात्र केन्द्रित भएर अध्ययन गरिएको छ। यीबाहेक अन्य पक्षको अध्ययन गरिएको छैन र अध्ययनका लागि 'नाइटबल्बको उज्यालो-१', 'नाइटबल्बको उज्यालो -२', 'उत्तर आधुनिक प्रेम' र 'संवेदनाको सफ्टकपी' कथालाई मात्र चयन गरिएको छ।

## २. समस्याकथन र उद्देश्य

प्रस्तुत अध्ययन लक्ष्मणप्रसाद गौतमको *ऊहापोह* कथासङ्ग्रहका कथामा साइबरचेतना मूल समस्यामा केन्द्रित रहेको छ र *ऊहापोह* कथासङ्ग्रहका कथाहरूलाई साइबरचेतनाका दृष्टिले अध्ययन विश्लेषण गरिएकाले उक्त कथासङ्ग्रहका कथाहरूमा साइबरचेतनाको प्रयोग के कसरी भएको छ भन्ने विषयसँग सम्बद्ध रहेर निम्नलिखित शोधप्रश्नहरू निर्माण गरिएका छन्ः

(क) *ऊहापोह* कथासङ्ग्रहका कथामा प्रेमको अभिव्यक्ति र आत्मिक असन्तुष्टिका रूपमा साइबरचेतनाको प्रयोग कसरी गरिएको छ ?

(ख) *ऊहापोह* कथासङ्ग्रहका कथामा प्रविधिकपरक विषय र साइबरतत्त्वको प्रयोग कसरी गरिएको छ ?

उपर्युक्त शोध्य प्रश्नको समाधान गर्नु नै यस शोधलेखको मूल उद्देश्य रहेको छ ।

### ३. सैद्धान्तिक पर्याधार

उत्तरआधुनिक युगमा विज्ञानको तीव्रतम विकास र विस्तारसँगै साइबरको व्यापक रूपमा प्रयोग भएको देखिन्छ । इन्टरनेटले सञ्चारका क्षेत्रमा ठूलो परिवर्तन ल्याएपछि जीवनजगत्का हरेक क्षेत्रमा साइबरचेतना र संस्कृतिको व्यापक प्रभाव परेको देखिन्छ । विश्वमा प्रविधिको अतिशय विकासका कारण प्रविधि नै यस युगको संस्कृति बनेको छ। प्रविधिअन्तर्गत सूचना प्रविधिका क्षेत्रमा अभूतपूर्व विकास भएकोले साइबरप्रविधि नै साइबरसंस्कृतिका रूपमा विकास भएको छ र त्यसको प्रभाव साहित्यलेखनमा परेको छ (शर्मा, २०७८, पृ.५८) । कम्प्युटर तथा सामाजिक सञ्जालसँग सम्बन्धित सबै प्रकारका विषयहरूमा साइबरचेतना अभिव्यञ्जित भएको पाइन्छ। विश्वमा प्रथमतः साइबरसंस्कृतिको विकास भयो त्यसपछि मात्र साहित्यमा व्यापक रूपमा साइबरचेतना प्रतिबिम्बित भएको पाइन्छ (अधिकारी , २०७४, पृ.५५) । साइबरजन्य यही नवीन विषयबाट नेपाली साहित्य पनि पृथक् रहन सकेको देखिँदैन। साहित्य लेखनमा साइबरको व्यापक प्रभाव र प्रयोगपछि त्यसको विश्लेषणका लागि सिद्धान्तको निर्माण गर्ने क्रममा साइबरसमालोचनाको जन्म भयो । यसरी साइबरसंस्कृति र साइबरचेतना भएका कृतिहरूको विश्लेषण गर्नका लागि साइबरसमालोचना निर्माण भएको हो । इन्टरनेटका माध्यमबाट चल्ने विद्युतीय सञ्जाल वा कम्प्युटर प्रविधिलाई जनाउने साइबर शब्दमा समालोचना शब्द जोडिएर साइबरसमालोचना शब्द बनेको हो । साइबरसंस्कृतिको वर्णन वा चित्रण गरिएका साहित्यिक कृतिको विश्लेषण गरिएको समालोचना र नेट, कम्प्युटर, यन्त्रमानव (रोबर्ट) आदि प्रविधिलाई माध्यम बनाएर लेखिएका साहित्यिक कृतिको समालोचना गर्ने प्रविधिलाई साइबरसमालोचना भनिन्छ। विद्युतीय सञ्चार सञ्जाल विशेष गरी इन्टरनेटसँग जोडिएका कम्प्युटर लगायत यावत् संयन्त्रमा प्रकाशित एवम् सम्प्रेषित साइबरसंस्कृति र साइबरसाहित्यलाई साइबर सिद्धान्तकै आधारमा विश्लेषण गर्ने समालोचना साइबरसमालोचना हो (अधिकारी,२०७६, पृ. १२८) । विश्वमा प्रविधिको अतिशय विकासका कारण प्रविधि नै अहिलेको संस्कृति बनेको छ। प्रविधि मानिसको अभिन्न अङ्ग भएकाले प्रविधिबिना मानवजीवन र समाज गतिशील बन्न सक्दैन । प्रविधिले मानवजीवनशैलीलाई सरल,सहज र सुगम बनाएकाले सञ्चार, शिक्षा, स्वास्थ्य, चिकित्सा आदि ज्ञानका हरेक क्षेत्रमा जस्तै साहित्यमा पनि साइबरसंस्कृतिको प्रभाव र प्रयोग सघन र सबल रूपमा देखिन्छ। अझ समसामयिक साहित्यिक लेखनमा इन्टरनेट, कम्प्युटर, फेसबुक आदिको गहिरो प्रभाव परेको हुँदा साइबरकृतिहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ । परोक्ष यथार्थ (भर्चुअल रियालिटी) अतिशय यथार्थ (हाइपर रियालिटी) को प्रयोग र प्रभावमा लेखिएका साइबरसम्बद्ध कृतिहरूमा एकातिर विषयवस्तुका रूपमा साइबरसंस्कृतिको प्रयोग भएको देखिन्छ भने अर्कोतिर साहित्यलाई सम्प्रेषण तथा प्रचारप्रसार गर्ने माध्यमका रूपमा साइबरको प्रयोग भएको देखिन्छ। जेजस्तो भए पनि वर्तमान मानवजीवन साइबरबाट पृथक् रहन नसक्ने हुनाले र मानव समाजका यावत् क्रियाकलापहरू साइबरसँग सम्बन्धित भएकाले तिनको प्रभाव साहित्यमा पर्नु स्वाभाविकै हो । साहित्यमा समाज प्रतिबिम्बित हुने हुनाले वर्तमान कृत्रिम र यान्त्रिक साइबरसंस्कृति र साइबोर्ग मानवको क्रियाकलापको प्रतिबिम्बन साहित्यमा व्यापक रूपमा परेको देखिन्छ। यसरी प्रविधिको प्रयोग र प्रभाव जीवन र समाजमा परेपछि त्यसको प्रयोग र प्रभाव साहित्यमा देखिन थाल्यो र साइबरसम्बद्ध साहित्यको विश्लेषण गर्नका लागि साइबरसमालोचनाको विकास भयो।

साइवरसमालोचना उत्तरआधुनिकतावादी बहुलवादी समालोचना हो। उत्तरआधुनिकताको छातामुनि समालोचनाका विनिर्माणवादी अध्ययन, नारीवादी समालोचना, पर्यावरणवादी समालोचना,पाठक प्रतिक्रियावादी समालोचना,

पाठकमैत्री समालोचना, अभिघात अध्ययन, साइवरसमालोचना आदि अनेकौं वाद, सिद्धान्त र पद्धतिहरू अटाएका छन् । तसर्थ साइबरसमालोचनालाई उत्तरआधुनिकतावादी समालोचनाको उत्तरवर्ती पद्धति मान्न सकिन्छ । साइबरसमालोचनाले कृति विश्लेषणका लागि यीयी सैद्धान्तिक आधारमा हुन्छन् भनेर निर्धारण गरेको छैन । यसले त कृतिमा साइबरतत्त्वको उपस्थिति केकस्तो छ त्यसै आधारमा कृतिविश्लेषण गर्ने आधार प्रदान गर्दछ । त्यसैले साइबरसमालोचक आफ्नो अनुकूल ढाँचा निर्धारित गरेर व्याख्या विश्लेषण गर्न स्वतन्त्र छ (शर्मा , २०७८.पृ.६०) । तसर्थ यसले समालोचकलाई कठोर अनुशासन र नियन्त्रणमा राख्दैन । साइबरसंस्कृति परोक्ष वा अवास्तविक हुन्छ । यसप्रकारको परोक्ष यथार्थलाई व्याख्याविश्लेषण गर्न जटिल हुने भएकाले साइबरसाहित्यलाई विश्लेषण गर्न साइबर समालोचकले केही पद्धति वा आधार निर्धारण गरेको हुन्छ, ती पद्धति वा आधारहरूलाई यहाँ सङ्क्षेपमा उल्लेख गरिएको छ । साइबरसमालोचनाले साइबरसंस्कृति र साइबरतत्त्वको प्रयोग भएका कृतिको मात्र अध्ययन विश्लेषण गर्दछ । साहित्यिक कृतिका तत्त्वहरू जस्तै : कथानक, पात्र, परिवेश, घटना, उद्देश्य, भाषा र शैली साइबरसम्बद्ध हुनुपर्दछ र यी वास्तविक नभई परोक्ष हुनुपर्दछ । यसले यन्त्रका माध्यमबाट सञ्चालित परोक्ष यथार्थ र अतिशय यथार्थसँग सम्बन्धित पात्र, संवाद, दृश्य र घटना सन्दर्भहरूको वर्णन गरिएका वा साइबरसम्बद्ध पदपदावलीहरूको प्रयोग गरिएका कृतिको व्याख्याविश्लेषण गर्दछ । साइबरसाहित्यमा साइबोर्ग पात्रको बढी प्रयोग हुन्छ । यसले यन्त्र र मानव बीचको सम्बन्ध, मानवजीवनमा विद्युतीय सञ्चार सञ्जालको प्रभाव तथा यसका राम्रा नराम्रा पक्षहरूको अध्ययन विश्लेषण गर्दछ । यसले मानिस र मेसिनको सम्बन्ध तथा प्रतिक्रियालाई खोतल्ने र खोज्ने काम गर्दछ । अनलाइनमा प्रकाशित भए तापनि साइबरसमालोचनाले साइबर इतर विषयको अध्ययन गर्दैन ।

समग्रमा साइबरजन्य उपकरण , विषय ,क्रियाकलाप र गतिविधिहरू साहित्यमा प्रयोग हुन थालेपछि साइबरसाहित्यको जन्म भयो र यस्ता किसिमका साइबरचेतनाले अभिप्रेरित भएर लेखिएका साहित्यलाई सैद्धान्तिक आधारबाट अध्ययन विश्लेषण गर्न बनाइएको सिद्धान्त नै साइबरसमालोचना हो ।

## ४. अध्ययनविधि

अध्ययनविधिअन्तर्गत सामग्रीसङ्कलन र विश्लेषणविधि पर्दछन्, तिनलाई तलका उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

### ४.१ सामग्रीसङ्कलन

प्रस्तुत शोधलेखका लागि पुस्तकालयीय कार्यबाट साइबरसमालोचनाको सैद्धान्तिक पक्षमा लेखिएका पुस्तक, पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख आदि आवश्यक सामग्रीहरू सङकलन गरिएको छ । यस क्रममा *ऊहापोह* कथासङ्ग्रहलाई प्राथमिक सामग्री र साइबरसमालोचनाका सैद्धान्तिक पुस्तक एवम् शोधलेखलाई द्वितीयक सामग्रीका रूपमा सोद्देश्यमूलक नमुना छनोटविधि अवलम्बन गरी *ऊहापोह* कथासङ्ग्रहका 'नाइट बल्बको उज्यालो-१', 'नाइट बल्बको उज्यालो-२', 'उत्तरआधुनिक प्रेम' र 'संवेदनाको सफ्टकपी' कथाहरूलाई विश्लेषणका लागि चयन गरिएको छ । सङ्कलित सामग्रीहरूलाई साइबरसमालोचनाको सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ ।

### ४.२. विश्लेषणविधि

यस शोधलेखका लागि निगमनात्मक, वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिहरूको आवश्यकतानुरूप उपयोग गरिएको छ । यस अनुसन्धानात्मक लेखको आफ्नै विशिष्ट दार्शनिक आधार छ । साइबरसिद्धान्त यस अध्ययनको ज्ञानमीमांसा हो भने प्रेमको अभिव्यक्तिका रूपमा, आत्मिक असन्तुष्टिका रूपमा र प्रविधिपरक विषयका रूपमा साइबरतत्त्वको खोजी यसको तत्त्वमीमांसा हो र त्यसबाट कथामा देखिएको अन्तर्विषयकता र प्रयोगपरकता यसको मूल्यमीमांसा हो ।

## ५.साइबरचेतनाका दृष्टिले *ऊहापोह* कथासङ्ग्रहका कथाहरूको विश्लेषण

इन्टरनेट प्रविधिको विकास र विस्तारबाट निर्मित संस्कृति साइबरसंस्कृति हो र साइबरसंस्कृतिको चित्रण र प्रयोग गरी लेखिएका रचनाहरू साइबरसाहित्य हुन् । साठीको दशकपछि नेपाली कथामा साइबरचेतनाको प्रयोग बढ्दै गएको देखिन्छ । साइबरसंस्कृतिका कारण मानिसको जीवनशैलीमा आएको परिवर्तनलाई चित्रण गर्ने क्रममा समसामयिक कथाहरूमा साइबरचेतनाको प्रयोग व्यापक रूपमा भएको देखिन्छ । समसामयिक कथाहरूमा जस्तै लक्ष्मणप्रसाद गौतमद्वारा लेखिएको *ऊहापोह* कथासङ्ग्रहका कथामा पनि साइबरचेतनाका विविध रूपको चित्रण गरिएको छ । साइबरसम्बन्धी पदपदावली प्रयोगका साथै प्रणयभावको अभिव्यक्ति, आत्मिक असन्तुष्टि र सन्निकटता, मान्छे र साइबरबीचको सम्बन्ध, साइबरसंस्कृतिले मानवजीवनमा पारेको प्रभावको सेरोफेरोमा *ऊहापोह* कथासङ्ग्रहका साइबर चेतनासम्बद्ध कथाहरू संरचित छन् । यस शोधलेखमा *ऊहापोह*का कथाहरूमा प्रयुक्त साइबरचेतनाका विविध रूपको विश्लेषण गरिएको छ ।

### ५.१ प्रेमको अभिव्यक्ति र आत्मिक असन्तुष्टिका रूपमा साइबरचेतना

कुनै व्यक्तिका स्वभाव र गुणप्रति मनमा उत्पन्न हुने आकर्षण वा आत्मीयता नै प्रेम हो । स्त्रीपुरूषमा परस्परमा हुने रूपगुण, स्वभाव, सामीप्य अथवा कामवासनाजन्य अनुराग वा प्रणयभावलाई पनि प्रेम भनिन्छ । साइबरप्रेममा इमेल, इन्टरनेट, फेसबुक, च्याटिङ्आदि साइबर उपकरण प्रेमभाव प्रकट गर्ने माध्यमका रूपमा देखिन्छन् । यिनै साधनहरू प्रयोग गरेर कथाका पात्र (नरनारी) ले परस्परमा प्रेमभाव प्रकट गरेको र प्रेमलाई नै विषय बनाइएको छ भने ती कथालाई साइबरचेतनाका आधारमा अध्ययन गर्न सकिन्छ । *ऊहापोह*का साइबरचेतनायुक्त कथाहरूमा शारीरिक रूपगुण र सौन्दर्यबाट उत्पन्न प्रणयभावको चित्रण, वर्णन भएको पाइन्छ । यो  साइबर दुनियाँमा निश्चल, निस्वार्थ र हार्दिक प्रेम खोजेर कहाँ पाउनु ? यहाँ त आफ्ना श्रीमान्श्रीमतीका आँखा छलेर साइबर प्रविधिका माध्यमबाट कृत्रिम वा यान्त्रिक प्रेम गरेको देखिन्छ । यसैलाई उनीहरू गहिरो प्रेम ठान्दछन् । साइबरसंस्कृतिको विकास पश्चिमबाट भएकोले साइबर दुनियाँमा गरिने प्रेम पनि पाश्चात्य शैलीकै देखिन्छ । जहाँ धर्मपत्नी र पतिधर्मको आदर्श मूल्यमान्यताका सीमाहरू भत्किएका हुन्छन् ।

> यसरी हाम्रो अनलाइन प्रेम, इमेल प्रेम अथवा भनौं साइबरप्रेम र एस.एम.एस प्रेमप्रसङ्गका लामालामा संवादहरू निकै चल्थे । उसले एक दिन मात्र पनि वासी राख्यो भने मलाई छटपटी हुन्थ्यो र मैले बासी राखेँ भने उसलाई छटपटी हुन्थ्यो । म इमेलमा बस्दावस्दै राति दुई बजे ऊ फेसबुक अनलाइनमा भेटियो अनि सुरू भए हाम्रा अनलाइन संवादहरू ।

'नाइट बल्वको उज्यालो-१,' पृ.५३

यस उद्धरणमा साइबरदुनियाँका माध्यमबाट गहिरो प्रेममा परेका विवाहित नरनारीको साइबरप्रेमलाई देखाइएको छ। विवाहपछि परपुरूष वा परपत्नीको चिन्तन गर्नु, परपुरूष वा परपत्नीलाई प्रेम गर्नु राम्रो मानिँदैन तापनि क्षणिक आत्मतुष्टिका लागि अन्य व्यक्तिसँग गरिएको प्रेमभाव देखाइएको छ । यसरी मानवीय सम्बन्ध र सामाजिक मूल्यमान्यतामा क्रमशः परिवर्तन आउन थालेको यथार्थलाई यहाँ प्रस्तुत गरिएको छ। यदि उनीहरूको प्रेम हार्दिक भएको भए घरमा श्रीमान् र श्रीमती हुँदाहुँदै एकअर्काको आँखा छलेर एकान्तजन्य प्रेम गर्ने थिएनन् । "पाप नै हो भने पाप यति रहरलाग्दो र मीठो हुन्छ त ?" भन्ने कुमुदिनीको अभिव्यक्तिबाट उनीहरूको प्रेम शारीरिक आशक्ति र असन्तुष्टिजन्य देखिन्छ । त्यसैले कुमुदिनीमा कतै श्रीमान्ले पत्तो पाउँछन् कि भन्ने सन्त्रास लुकेको छ। त्यही सन्त्रासका बीचमा पनि श्रीमान् मस्त निदाएको वा एक्लै फुर्सदमा रहेको अवसरमा उनीहरूको प्रणयभाव मौलाएको देखिन्छ। सरोज र कुमुदिनी (साइबर प्रेमीप्रेमिका) ले एकअर्कामा श्रीमान् र श्रीमतीको प्रतिरूप देख्न थालेका छन्। यसबाट पनि उनीहरूको प्रेम हार्दिक नभएको पुष्टि हुन्छ।

> धेरै आइमाईहरू लोग्नेको माया नपाएर बाहिरतिर बरालिन्छन् र धेरै लोग्नेमान्छेहरू स्वास्नीको माया नपाउँदा बाहिरतिर चाख्दै हिँडछन् तर उहाँ मलाई अत्यन्तै माया गर्नुहुन्छ। बरु मेरै माया कृत्रिम हुन थालेको छ। उहाँले मप्रति गर्नुपर्ने मायामा कुनै कमी हुन दिनुभएको छैन।
>
> 'नाइट बल्बको उज्यालो-२,' पृ.७३

यस उद्धरणमा विशेषतः सहरी समाजको यथार्थ प्रतिबिम्ब पाइन्छ। धेरै आइमाईहरू लोग्नेको माया नपाएर बाटो बिराएका छन् , सामाजिक र नैतिक मर्यादाका सीमाहरू भङ्ग गरेका छन् भने धेरै लोग्नेमान्छेहरू स्वास्नीको माया नपाएर परस्त्रीहरूलाई चाख्दै हिँडेको प्रतीकात्मक सन्दर्भ प्रस्तुत गरिएको छ । यहाँ एकातिर लोग्नेबाट माया र यौनसन्तुष्टि नपाएका नारीहरू परपुरुषप्रति आकर्षित भएका र स्वास्नीबाट यौनसन्तुष्टि र तृप्ति नपाएका पुरुषहरू परस्त्रीप्रति कामासक्त भएर यौनचाहना मेटाउन खोजेको सन्दर्भ प्रस्तुत गरिएको छ। कथाकी नारी पात्र कुमुदिनीले श्रीमान्बाट माया पाएकी छे तर उसैले श्रीमान्लाई कृत्रिम र देखावटी माया गरेको स्वीकार गरेकी छे। समाजका कतिपय पुरूषहरूमा बाहिरतिर चाख्दै हिँड्ने प्रवृत्ति पाइए तापनि कथाकी पात्र कुमुदिनीको श्रीमान्मा त्यस्तो प्रवृत्ति नभएकोले उसले श्रीमान्बाट प्रशस्त माया पाएकी छे तर उसैले श्रीमान्लाई कृत्रिम र देखावटी माया गरेको स्वीकार गरेकी छे। श्रीमान्को सोझोपन र अतिशय विश्वासका कारण नाजायज फाइदा लुटेकी छे। साइबरसंस्कृतिकै कारण अहिलेका नरनारीहरूमा यस्तो प्रवृत्ति दिनानुदिन बढ्दो देखिन्छ।

यसरी मान्छेमान्छे बीचको सम्बन्धलाई निकट बनाउने र प्रणयसम्बन्धी भाव अभिव्यक्त गर्ने सरल र भरपर्दो माध्यमका रूपमा नरनारीहरूले साइबरचेतनाको प्रयोग गरेको देखिन्छ र समाजको यही यथार्थता *ऊहापोह* कथासङ्ग्रहका कथामा प्रकट भएको पाइन्छ।

साइबरप्रविधिको प्रयोग र प्रभाव बढ्दै गएकाले विशेषतः नेपाली सहरी समाजलाई साइबरसंस्कृतिले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ। साइबरसंस्कृतिको विकास र विस्तारका कारण मानिसमा आदर्श मूल्यमान्यता, नैतिकता र इमानदारिता हराउँदै जान थालेको छ। कतै अविवाहित युवायुवतीलाई साइबरसंस्कृतिले जोडेको छ भने कतै वैवाहिक सम्बन्धसूत्रमा जोडिएका नरनारीको सम्बन्धलाई भत्काउने वा कमजोर बनाउने कार्य गरेको छ। सहरी

समाजका शिक्षित र आर्थिक रूपमा सम्पन्न कतिपय विवाहित नरनारीहरू अज्ञात आत्मिक असन्तुष्टिका कारण अन्य नरनारीप्रति आकर्षित भएको देखिन्छ। यस्ता नरनारीहरू फेसबुक, इमेल र इन्टरनेटजस्ता माध्यमबाट परस्परमा सम्बन्ध कायम गर्न, आत्मीयता र सन्निकटता बढाउन चाहेको यथार्थलाई 'नाइट बल्बको उज्यालो-१' कथामा चित्रण गरिएको छ :

> मलाई फेसबुक पनि मोबाइलमा भन्दा ल्यापटपमा चलाउन मन पर्छ। मैले कीबोर्डका अक्षरहरूमा औँला चलाएँ- "आज राति तिम्रो फोटोसँग कुरा गरिरहेकी थिएँ। धेरै भावुक भएछु। रून मन लागेर आयो। तिम्रो फोटो छातीमा टाँसेर रोए। रोएपछि मन हल्का भयो। किन यस्तो भएको ?
>
> 'नाइट बल्बको उज्यालो-१,' पृ. ५३

सम्पन्नतामा पनि कुमुदिनीमा चरम आत्मिक असन्तुष्टि देखिन्छ। उसको तन श्रीमान्सँगै भए पनि मन भने सरोजसँगै हिँडिरहेको, घुमिरहेको देखिन्छ। श्रीमान् भौतिक रूपमा आफूसँगै भए पनि सरोजको फोटो हेरेर सन्तुष्टि लिएको, चित्त बुझाएको अवस्था छ। यसरी सहरी समाजमा साइबरसंस्कृतिको विकास र विस्तारसँगै साइबरप्रविधि आत्मिक असन्तुष्टिलाई अभिव्यक्त गर्ने, अरूसँग सन्निकटता र आत्मीय सम्बन्ध कायम गर्ने भरपर्दो र सजिलो माध्यम भएको छ।

> म उसको प्रेममा तानिँदै गएकी रहिछु र नजानिँदो किसिमले मभित्र एउटा पुरूष हुर्किरहेको रहेछ भन्ने कुरा बल्ल थाहा पाएँ। ऐजन, पृ.५७

कुनै पुरुषको भावुक प्रेममा फँसेर उसैको बाहुपाशमा क्षणिक उत्तेजनामा रमाउनु हुन्न भन्ने सचेतता हुँदाहुँदै पनि ऊ सरोजसँग सम्मोहित हुन पुगेकी छ। सरोजसँगका संवादका क्रममा उसले आफू एक युवती छोरीकी आमा, पारिवारिक उत्तरदायित्व लिएकी एउटी पतिव्रता नारी र संरकारी कार्यालयकी हाकिम भएको कुरा बिर्सन पुग्छे अनि २० वर्षीया चञ्चले युवतीझैँ उसको मायाप्रेममा हराउँछे। यसरी साइबरसंस्कृतिका कारण भौगोलिक दुरीका पर्खालहरू भत्काएर सुदूरको व्यक्तिसँग च्याट र इमेलमा गफिन र सञ्चार गर्न सक्षम भएको सन्दर्भ कथामा साइबरचेतनाका रूपमा प्रकट भएको छ।

### ५.२. प्रविधिपरक विषय र साइबरतत्त्वको प्रयोग

विज्ञान र प्रविधिको चरम विकास भएपछि वैज्ञानिकहरूको ध्यान अन्तरिक्षको खोज अनुसन्धानमा आकृष्ट भएको छ। चन्द्रमा र मङ्गल ग्रहमा विभिन्न अन्तरिक्ष यानहरू पठाएर खोज अनुसन्धानहरू भइरहेका छन्। यन्त्रमानव र मानवसहितका यानहरूले मङ्गल ग्रहमा पुगी त्यहाँको वस्तुस्थिति र जीवनको सम्भावना सम्बन्धमा नयाँनयाँ तथ्यहरू बाहिर ल्याएका छन्। त्यसको प्रभाव मानवजीवन र साहित्यमा पनि परेको देखिन्छ। विज्ञान, प्रविधि र साइवरसंस्कृतिको तीव्र विकासका कारण वर्तमानमा मानवजीवन नै प्रविधिमय बनेको छ। तसर्थ प्रविधि र साइवरसंस्कृतिबाट टाढिएर मानिस कदापि गतिशील हुन सक्दैन। अतिविकसित शक्तिसम्पन्न राष्ट्रहरूमा अन्तरिक्षमा आधिपत्यका लागि एक प्रकारको होडबाजी चलिरहेको छ। यसको प्रभाव साहित्यमा पनि परेको छ। प्रविधिपरक विषयलाई कथ्य बनाएर कथा, कविताहरू लेखिएका छन्। साहित्यमा प्रविधिपरक विषय साइबरसंस्कृति एवम्

साइवरचेतनासँग सम्बन्धित भएर भर्चुअल रियालिटीका रूपमा देखापरेको छ। यो एक प्रकारको भ्रम हो, अयथार्थ हो तर यथार्थजस्तै भएर देखापरेको छ। जब साहित्यमा विज्ञानप्रविधि र साइबरसंस्कृतिको अन्तर्घुलन हुन्छ, सम्भावनाको गर्भमा लुकेका अयथार्थ वा परोक्षविषयलाई कथ्य बनाई तिनको चित्रण वर्णन गरिन्छ अनि विज्ञानप्रविधि र यन्त्रसँग मान्छेका सम्बन्धका कुराहरूलाई प्रस्तुत गरी तिनलाई नै प्रविधिपरक विषय ठानेर त्यहाँ प्रयुक्त साइबरचेतनाको अध्ययन गरिएको छ।

> ऊ (युवक १) अन्तरिक्षयानभित्रै छ। उसले त्यसभित्रका धेरै स्विचहरू थिच्छ। त्यसपछि यन्त्रले अनौठो आवाज निकाल्छ र यान माथिपट्टिको यन्त्र बेसरी घुम्न थाल्छ। आवाजमा केही परिर्वतन आउँछ। त्यसपछि उसले आफ्ना अगाडिको सानो स्क्रिनमा देख्छ- यन्त्रले मङ्गल ग्रहका फोटाहरू खिचेर पृथ्वीमा पठाइसक्यो। तरङ्गको गतिसँगै अन्तरिक्षीय तरङ्गमार्फत् फोटाहरू पृथ्वीका कम्प्युटरहरूमा कैद भइरहेका छन् र मान्छेहरू तँछाडमछाड गरेर ती दृश्यहरू हेरिरहेका छन्।

'उत्तरआधुनिक प्रेम' पृ.७९

कथाका प्रमुख पात्र युवक-१ र युवक-२ अन्तरिक्षयात्री हुन्। उनीहरू अन्तरिक्षबाट नै कम्प्युटरमा जडित वेभक्याममार्फत् आफ्ना प्रेमिकाहरू (युवती-१ र युवती-२ ) सँग प्रेमालाप गरिरहेका छन्। अन्तरिक्षका विविध दृश्य र तस्विरहरू उनीहरूका प्रेमिका र मानिसहरूले पृथ्वीतलको कुनै कोठामा बसेर हेरिरहेका छन्। अन्तरिक्षमा भइरहेका गतिविधि र खोज अनुसन्धान कम्प्युटरको स्क्रिनमा देखिनु, अन्तरिक्षमा नै डिजिटल प्रविधिबाट सन्तान जन्माउने कुरा गर्नु , हनिमुन मनाइरहँदा लिङ्गभेद हटेर अलिङ्गी अर्थात् लिङ्गरहित व्यक्तिमा रूपान्तरित हुनु, मङ्गल ग्रहमा घर बनाई त्यहीँ आफ्नी प्रेमिकालाई भित्र्याउने परिकल्पना गर्नु , फिनिक्स-२००७ र फिनिक्स-२००८ जस्ता अन्तरिक्षयानको चर्चा परिचर्चा हुनु, रोबर्टले मङ्गल ग्रहमा खनेका खाडल र अन्य विविध दृश्यपरिदृश्यहरू युवती-१ र युवती-२ का पामटपमा देखिनु , डिजिटल किस र सेक्सका सन्दर्भहरू परोक्ष यथार्थ हुन्। यी सन्दर्भहरू कथामा प्रविधिपरक विषयका रूपमा साइबरसंस्कृति र साइबरचेतनासँग अभिन्न भएर आएका छन्।

> हात र खुट्टाका प्रत्येक औँलाहरूमा ससाना तारहरू हल्का तरिकाले जोडिएको अलिअलि थाहा पाउँदै छ ऊ। जतिजति तारहरू जोडिँदै जान्छन् उतिउति ऊ यन्त्रमा रूपायित भएजस्तो लाग्दै छ सायद उसलाई टाउको माथिको यन्त्रभन्दा एक मिटर जति माथि जडान गरिएको निकै नयाँ प्रविधिको क्यामराले दृश्य खिचिरहेको हो कि जस्तो भ्रम भइरहेछ।

'सवेदनाको सफ्टकपी,' पृ.१२९

विज्ञान प्रयोगशालाको कोठाभित्र वैज्ञानिकका रूपमा युवक र युवती अनि परीक्षणीय मानवदेहका रूपमा चेतन कम र अवचेतन बढी सक्रिय हुन थालेको मानिस रहेको छ। वैज्ञानिकहरू मानिसको अवचेतनमा आउने अनेकौँ भावतरङ्ग र स्वप्नसंवेदनाको परीक्षण गरिरहेका छन्। उनीहरू अर्धचेतन र अवचेतन मनका भावतरङ्ग र सोचाइहरूलाई जस्ताको तस्तै पढ्न, हेर्न र कम्प्युटरमा अभिलेखका रूपमा राख्न सकिने बनाउन लागिपरेको विषयलाई यहाँ प्रस्तुत गरिएको छ। वैज्ञानिकहरू कम्प्युटरमा मानवीय संवेदना भर्न चाहन्छन् र मानिसका ज्ञानेन्द्रियहरू र दिमाग (मनमस्तिष्क) कति पावरफुल छ भनी परीक्षण गर्न लागिपरेका छन्।

> अब युवक र युवती कम्प्युटरका अगाडि छन्। कम्प्युटरमा इ.सी.जी.र इ.इ.जी गर्दा जस्तै देखिने तरङ्गका बाङ्गाटिङ्गा रेखाहरू देखिन्छन्। युवक र युवती निकै खुसी हुन्छन्। उनीहरू एक्कासि खुसीले चिच्याउँछन् -सफल। सफल।

'संवेदनाको सफ्टकपी,' पृ.१३४

यस उद्धरणमा वैज्ञानिकहरूबाट गरिएको अनिद्रा र स्वप्नहरूले अत्यधिक लखेटिएर अवचेतन मन अत्यन्त सक्रिय भएको मान्छेका अवचेतन मनमा आउने अनेकौँ तरङ्ग वा सोचाइहरूको परीक्षणमा सफलता हासिल भएको सन्दर्भ उल्लेख गरिएको छ । धेरै अध्ययनअनुसन्धान, अनेकौँ प्रयोग तथा परीक्षणपछि मानवीय संवेदनामाथि यन्त्रले विजय प्राप्त गरेको, मानवमस्तिष्क, नाक, कान, जिब्रो आदि ज्ञानेन्द्रियको परीक्षणमा सफलता प्राप्त गरेको, कम्प्युटरको मस्तिष्कभन्दा मानवमस्तिष्क (मेमोरी पावर) शक्तिशाली भएको तथ्यलाई बाहिर ल्याउन शरीरका धेरै अङ्गप्रत्यङ्गमा तारजडान गरेर मेमो-यू-४ लाई कम्प्युटर प्रविधिसँग जोडिएको सन्दर्भको वर्णन गरिएको छ । सीटी स्क्यान र एम.आर.आई यन्त्रले जस्तै मानवमस्तिष्कका सम्पूर्ण पक्षको अध्ययन गरेर सूचना सम्प्रेषण गर्ने यन्त्रका रूपमा न्युरेसिया-२०, मान्छेका अवचेतनका सम्पूर्ण सोचाइ र भावतरङ्गलाई क्याच गर्ने यन्त्रका रूपमा मेमो-यु-१७ र मान्छेका स्वप्नहरूलाई जस्ताको त्यस्तै खिचेर कम्प्युटरमा सम्प्रेषण गर्ने यन्त्रका रूपमा सेन्स एक्सलाई प्रस्तुत गरिएको छ । वास्तवमा मान्छे चेतनामा जति सभ्य, नीतिवान्, इमानदार र महत्तम  गुणले युक्त हुन्छ अवचेतनमा त्यति नै असभ्य, अनैतिक, बेइमान, नीच र कामुक हुन्छ । यदि अवचेतनका सोचाइलाई उपर्युक्त यन्त्रका माध्यमबाट बाहिर ल्याउन सक्ने हो भने मान्छेको सक्कली चरित्र छर्लङ्ग हुने कुरालाई यहाँ सङ्केत गरिएको छ । कथामा मानवदेहलाई कम्प्युटर यन्त्रजस्तै ठानेर प्रयोगशालामा परीक्षण गरिएको र मानवीय संवेदना मान्छेका अवचेतन र स्वप्नसंवेदनामाथि यन्त्रले विजय प्राप्त गरेको उद्घोष गरिएको सन्दर्भ प्रस्तुत गरिएकोले प्रविधिपरक विषय साइबरसंस्कृति र साइबरचेतनाका रूपमा देखापरेको छ । वास्तवमा यो परोक्ष यथार्थ हो, भ्रम हो ।

*ऊहापोह*का कथामा नवीन विषयका रूपमा साइबरसंस्कृतिसँगै साइबरचेतनाको प्रयोग भएको छ । 'नाइट बल्बको उज्यालो-१', 'नाइट बल्बको उज्यालो-२', 'उत्तरआधुनिक प्रेम' र 'संवेदनाको सफ्टकपी' कथाहरूमा प्रयुक्त साइबरसन्दर्भहरू र पदपदावलीहरू साइबरचेतनाका रूपमा अभिव्यञ्जित भएका देखिन्छन् । सूचना र सञ्चारको विकाससँगै कम्प्युटर इन्टरनेट प्रविधिको विकास एवम् भूमण्डलीकरणका कारण संसार एउटा ग्राममा परिणत हुन पुगेको छ । विश्वका जुनसुकै कुनाकाप्चाका आफन्त, इष्टमित्रसँग संवाद गर्न, कुनै घटना, गतिविधि र दृश्यहरूलाई कम्प्युटरको स्क्रिनमा अवलोकन गर्न, छिटोछरितो रूपमा कार्यसम्पादन गर्न साइबरनेटको प्रयोग भएको हुनाले साइबरसंस्कृतिबाट मानवीय दैनिकी र जीवनशैली पृथक् रहन सक्ने अवस्था देखिँदैन । साइबरविना मान्छे एक दिन पनि चैनले बस्न सक्दैन । सूचनासञ्चारका क्षेत्रमा त साइबरको प्रयोग व्यापक रूपमा भएको छ । सूचना आदानप्रदानमा साइबरको प्रयोग, साहित्यमा साइबरसम्बद्ध विषय र उपकरणको प्रयोग, भाइवर, च्याटिङ्को प्रयोग, ल्यापटप, पामटप, डेस्कटप, मोबाइल आदि साइबर उपकरणका माध्यमबाट भर्चुअल रियालिटीको चित्रण–वर्णन गरी लेखिएका *ऊहापोह*का उपर्युक्त कथाहरूमा साइबरचेतना अभिव्यञ्जित भएको पाइन्छ । ऊहापोहका कथाहरूमा साइबरचेतना विषयवस्तुको प्रस्तुतीकरण र साइबर पदपदावलीहरूको प्रयोगसँगै अभिन्न रूपमा जोडिएर आएको देखिन्छ । फेसबुक च्याट, अनलाइन, कम्प्युटर, मेल, कीवोर्ड, इमेलप्रेम, साइबरप्रेम एस.एम.एस प्रेमप्रसङ्ग, मोवाइल, म्यासेन्जर,मोनिटर, डिजिटल वेभक्याम आदि साइबरसँग सम्बन्धित पदपदावलीहरूको प्रयोगबाट कथाको कलात्मक मूल्य अभिवृद्धिमा सहयोग पुगेको  देखिन्छ ।

> उहाँ मस्तनिद्रामा घुरिरहनु भएको थियो । फेसबुक म्यासेन्जरका संवादहरू डिलिट गर्न बिर्सेछु । अफ गरेको ल्यापटप पनि फेरि अन गरेँ र सवै डिलिट गरिदिएँ ।
>
> 'नाइट बल्बको उज्यालो-१,' पृ.५४

यस उद्धरणमा साइबरप्रेममा परेकी नारी पात्रले श्रीमान्को आँखा छलेर फेसबुक म्यासेन्जरका माध्यमबाट राति अबेरसम्म आफ्नो प्रेमीसँग प्रेमालाप गरेको र श्रीमान्ले थाहा पाउँछन् कि भनेर डिलिट गरेको सन्दर्भलाई साइबर पदपदावलीको प्रयोग गरी प्रस्तुत गरिएको छ। विवाहित नारीले रातिराति परपुरूषसँग लुकीछिपी साइबर प्रेमालाप गर्नु राम्रो होइन। त्यसैले श्रीमान्ले थाहा पाउँछन् कि भन्ने मनोवैज्ञानिक त्रासका कारण फेरि उठेर डिलिट गरेको सन्दर्भलाई साइबर पदपदावलीको प्रयोग गरी प्रस्तुत गरिएको छ।

> ती दुवै युवतीका ल्यापटपका स्क्रिनको दायाँतिरको छेउमा तिनका प्रेमीहरूको अनुहार देखिन्छ। चलचित्रको मान्छेसँग कुरा गरेझैँ ती आफ्ना प्रेमीहरूसँग कुरा गरिरहेका छन्। युवती-१ को प्रेमी मङ्गल ग्रहमा पुगेर त्यहाँ पानी र अन्य तत्त्वको अनुसन्धानमा व्यस्त छ। ऊ फुर्सद मिल्ने बित्तिकै आफ्नी प्रेमिका युवती-१ लाई वेभक्याममा हेर्दै कुरा गर्छ। कहिले अनलाइन म्यासेज पठाउँछ। ...
>
> 'उत्तरआधुनिक प्रेम,' पृ.७७

यस उद्धरणमा साइबर दुनियाँको चित्रण गरिएको छ। युवती-१ र युवती-२ का प्रेमीहरू अन्तरिक्षमा छन्। उनीहरू भर्चुअल माध्यमबाट परस्परमा संवाद गरिरहेका छन्। उनीहरू चलचित्रको मान्छेसँग जस्तै गरी यन्त्रका माध्यमबाट आफ्ना प्रेमीहरूसँग कुरा गरिरहेका छन्। उनीहरू श्वासप्रश्वास त आफै गर्छन् तर अन्य सम्पूर्ण कार्य यन्त्रका माध्यमबाट गरिरहेका छन्। यसरी *ऊहापोह*का साइबरसम्बद्ध कथाहरूमा वर्तमान समाजको युगीन यथार्थ प्रतिबिम्बित भएको छ। साइबरसम्बद्ध विषयको प्रस्तुतीकरणबाट कथाको कलापक्ष र शिल्पपक्ष सबल भएको देखिन्छ। विषयवस्तुको प्रस्तुतिले साइबरचेतनालाई उद्‌बोधन गरेको छ। भाषाशैली सरल, सहज, स्वाभाविक र सम्प्रेषणीय छ। भाषामा साइबरसंस्कृति प्रतिबिम्बित भएको पाइन्छ। साइबरसंस्कृतिले निर्माण गरेका नयाँनयाँ प्रशस्त आगन्तुक शब्दको प्रयोग भए तापनि अर्थ सम्प्रेषणमा कुनै बाधाव्यवधान पुगेको देखिँदैन र विशिष्ट अर्थ प्रदान गर्न सहायकसिद्ध भएको देखिन्छ। इन्टरनेटको प्रविधिसँग जोडिएर लेखिएका र साइबरसंस्कृतिको चित्रण-वर्णन गरिएका *ऊहापोह*का उपर्युक्त कथाहरूमा साइबरतत्त्वको प्रयोग भएकाले साइबरचेतनाको प्रयोग पाइन्छ। यस्ता कथाहरू विषयवस्तु र शब्द प्रयोगका दृष्टिले परम्परागत कथाहरूभन्दा भिन्न हुन्छन्। *ऊहापोह*का साइबर कथामा उपर्युक्त घटना सन्दर्भ, पात्र, परिवेश, संवाद आदि परोक्ष छन् र ती यन्त्रबाट सञ्चालित देखिन्छन्। उक्त कथाहरूमा विषयको वर्णन गर्दा साइबरसँग सम्बन्धित पदपदावलीहरूको प्रयोग गरिएको छ र ती शब्दहरूले कथालाई विशिष्ट बनाएका छन्। कथाका पात्रहरूले सम्पूर्ण काम साइबरनेट र यन्त्रका माध्यमबाट गरेका छन्। यस प्रकार साइबरतत्त्व कथाको कलात्मक मूल्य अभिवृद्धिमा सहायक भएकाले र शिल्पपक्ष एवम् भावपक्षलाई सबल बनाएको देखिएकाले कथाहरू विशिष्टीकृत, आकर्षक र प्रभावकारी देखिन्छन्।

## ६. निष्कर्ष

साइबरसमालोचनालाई उत्तरआधुनिक बहुलवादी सिद्धान्तका रूपमा लिइन्छ। यसले साइबरसंस्कृति र साइवरतत्त्वसँग सम्बन्धित भएर आएका कृतिहरूको अध्ययन विश्लेषण गर्दछ। यसले इन्टरनेट र कम्प्युटर प्रविधिसँग सम्बद्ध भएर आएका साहित्यिक कृतिहरूको साइबरतत्त्व, साइबरजगत् र कथ्यका आधारमा व्याख्या एवम् अध्ययनविश्लेषण गर्दछ। यो डिजिटल यथार्थ हो त्यसैले सत्य र यथार्थजस्तो भए तापनि भर्चुअल रियालिटीसँग सम्बन्धित हुन्छ। कथाकार लक्ष्मणप्रसाद गौतमद्वारा लिखित *ऊहापोह* कथासङ्ग्रहका साइबरसँग सम्बन्धित कथाहरूमा आत्मिक असन्तुष्टिका रूपमा, प्रेमको अभिव्यक्तिका रूपमा र प्रविधिपरक विषयका रूपमा साइबरचेतनाको प्रयोग भएको

देखिन्छ। साइबरसंस्कृतिको तीव्र विकासको प्रभाव मानवजीवन र जीवनशैलीमा पनि परेको र हार्दिक र आत्मिक प्रेम हराउँदै जान थालेको यथार्थतालाई चित्रण गरेको देखिन्छ। यसरी समाजका विवाहित महिला र पुरूषहरूले एकअर्कालाई देखावटी प्रेम गर्न थालेको र घरमा श्रीमती श्रीमान् हुँदाहुँदै पनि यौन वा अन्य कुनै अज्ञात असन्तुष्टिका कारण परपुरूष वा परनारीप्रति आकर्षित भएर लुकीछिपी साइबर प्रेम गर्न थालेको यथार्थको चित्रण गौतमका कथामा साइबरचेतनाको रूपमा प्रकटित भएको छ। साइबर पदपदावली र साइबरतत्त्वको प्रयोगले गौतमका कथाहरूको कलात्मक मूल्य र शिल्पपक्ष सबल बनेको देखिन्छ। उनले इन्टरनेट, कम्प्युटर प्रविधि , अन्तरिक्ष र साइबरयन्त्रहरूलाई कथाको कथ्य बनाएको देखिन्छ। उनका पात्रहरूले श्वासप्रश्वासका अतिरिक्त अन्य सम्पूर्ण कार्यहरू यन्त्रका माध्यमबाट गरेको देखिन्छ। साइबरतत्त्व र यन्त्रको प्रयोगबाट कथाको कलात्मक मूल्यवृद्धिमा सहयोग पुगेको छ र साइबरचेतनाका दृष्टिले उनका कथाहरू सबल, प्रभावकारी र आकर्षक देखिन्छन्।

**सन्दर्भसूची**

अधिकारी, ज्ञानु (२०७४), *साइबरसिद्धान्त, प्रयोग र अन्य समालोचना,* ललितपुर : साझा प्रकाशन।

अधिकारी, ज्ञानु (२०७६), 'समकालीन नेपाली कथामा साइबरचेतना', *प्रज्ञा नेपाली कथा विमर्श,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १२६-१५१।

अधिकारी, ज्ञानु सन् (२०१७-१८), 'साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूप,' प्रवासन, वर्ष १, अङ्क २, पृ.३२-४६

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन।

गौतम, लक्ष्मणप्रसाद (२०७४), *ऊहापोह,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'अनुसन्धानात्मक लेखनको स्वरूप,' त्रि.वि. भुवानीशंकर बहुमुखी कलेज चितवनद्वारा आयोजित द्विदिवसीय अनुसन्धानात्मक लेखन कार्यशाला गोष्ठीमा प्रस्तुत कार्यपत्र।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठक्रमैत्री समालोचना,* काठमाडौँ : क्वेस्ट प्रकाशन।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन हाउस।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.) (२०६८), *रत्न बृहत् नेपाली समालोचना,* (सैद्धान्तिक खण्ड) काठमाडौँः रत्न पुस्तक भण्डार।